(आ.व. २०८०/०८१) वैठक नं.

आज मिति २०८० साल कार्तिक १६ गते विहिवारका दिन विहान ८:०० बजे हरिपुर नगर कार्यपालिकाको पचिसौं नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिती**

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | कमल बहादुर कार्की | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

मिति २०८०।०७।१६ गते

प्रस्तावहरु

१. पूर्व निर्णयको समिक्षा सम्वन्धमा ।
२. विद्युत पोल स्थानान्तरणको रकम भुक्तानी सम्वन्धमा ।
३. नमूना विद्यालय वार्षिक कार्ययोजना स्विकृत सम्वन्धमा ।
४. वडा नं. ५ को वडा कार्यालय भवनको जग्गा व्यवस्थापन सम्वन्धमा ।
५. वडा नं. ७ मा हयुमपाईप खरिद गर्ने सम्वन्धमा
६. जनताको तटवन्ध कार्यक्रम फिल्ड कार्यालय ३ हरिपुरलाई जग्गा उपलब्ध गराउने सम्वन्धमा
७. ठेक्काको म्याद थप सम्वन्धमा ।
८. विद्यालय भवनको रकम भुक्तानी सम्वन्धमा ।
९. लघु उद्यम कार्यक्रम संचालन सम्वन्धमा ।
१०. घ वर्गको ईजाजत पत्र स्विकृत गर्ने सम्वन्धमा ।
११. उपभोक्ता समिति गठन गर्ने सम्वन्धमा ।
१२. उपभोक्ता समिति बदर तथा पुनः गठन गर्ने सम्वन्धमा ।
१३. बजार ठेक्का सम्वन्धमा ।
१४. मृगौला प्रत्यारोपन गरेका/डायलाइसिस गराइरहेका/क्यान्सर रोगी /मेरुदण्ड पक्षघातका व्यक्तिलाइ औषधि उपचार खर्च उपलब्ध गराउने सम्वन्धमा ।
१५. औषधी खरिद सम्वन्धमा ।
१६. गहुँको विउँ खरिद सम्वन्धमा ।
१७. नगर भरी खेलाडी पहिचान कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।
१८. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्वन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकामा देहायका वडाहरुमा विद्युतको पोल स्थानान्तरण कार्य गर्न लाग्ने रकम नेपाल विद्युत प्राधिकरणको लागत ईष्टिमेट अनुसारको देहाय अनुसारको रकम यस नगरपालिकाको आ.व. २०८०।०८१ को शिर्षक ३११५९ मा पुँजिगत खर्च तर्फको नगर कार्यपालिकाको निर्णयानुसार खर्च शिर्षकबाट भुक्तानी हुने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | २ | ४,७५,८८५.४० | पोल ११ वटा |
| २ | ५ | १४,००८.८८ | पोल ५ वटा |
| ३ | ७ | लागत अनुमान अनुसार | |

मिति २०८०/०७/१६ गते

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत रहेको श्री महावीर जनता माहरिपुर .वि.-२. सर्लाही आ.व. २०७६।०७७ मा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरको निर्णयबाट नमुना विद्यालयको रुपमा छनौट भई हरिपुर नगर कार्यपालिकाको मिति २०७८/१२/२१ गतेको निर्णयबाट नमुना विद्यालयको ५ वर्षे गुरुयोजना स्वीकृत पश्चात कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम नमुना विद्यालय सुधार सम्बन्धमा मिति २०७९/०२/१४ गते सम्झौता भईसकेकोले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट नमुना विद्यालय विकास अनुदान, साधारण धार र प्राविधिक धार तर्फका लागि यस नगरपालिकाबाट विनियोजन हुने रकम, विद्यालयको आन्तरिक स्रोत एवम् प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित आयका आधारमा नमुना विद्यालय विकास कार्यक्रम सञ्चालनका लागि स्वीकृत विद्यालय सुधार गुरुयोजना (२०७८-०८२) को तेस्रो बर्षको आधारमा आ.व. २०८०/०८१ का लागि विद्यालयले निर्माण गरेको नमुना विद्यालय बार्षिक कार्ययोजना स्वीकृतिको लागि यस कार्यालयमा मिति २०८०/०५/३१ गतेमा दर्ता भएको नमुना विद्यालय विकास तर्फको भौतिक, शैक्षिक र व्यवस्थापकीय बार्षिक कार्ययोजना नियमानुसार कार्यान्वयन हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ५ को प.सं. २०८०।०८१, च.नं. ४१६, मिति २०८०।०५।२६ गतेको वडा कार्यालय भवनको जग्गा व्यवस्थापन सम्बन्धी पत्रानुसार प्रशासनीक काम काजक लागि वडा कार्यालय भवन निर्माणको लागि जग्गा व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको हुँदा उक्त वडाका भरती चौधरीको नाति गेना चौधरीको छोरा ठगा चौधरीको वडा भित्र पर्ने ०-१-१० क्षेत्रफलको जग्गा नाममा नम्वरी दर्ता रहेकोले उक्त जग्गा वडा कार्यालय भवन निर्माणको लागि निशुल्क उपलब्ध गराउने भएको हुँदा उक्त जग्गा वडा कार्यालय भवन निर्माणको लागि उपयुक्तता भएकोले सो जग्गा नगरपालिकाको नाममा नम्वरी दर्ता गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ७ को प.सं. २०८०।०८१, च.नं. ३६६, मिति २०८०।०६।०९ गतेको पत्रानुसार यस नगरपालिका वडा नं. ७ कछडिया टोलको सडक कालोपत्रे हुने भएकोले सो सडकको बीचमा हयुम पाईप आवश्यक रहेकोले प्राविधिकको लागत अनुमान बमोजिम हयुम पाईप खरिद गर्न आ.व. २०८०।०८१ को १२ औ नगरसभाको शिर्षक न. ३११५९ मा पुँजिगत खर्च शिर्षकको कार्यपालिकाको बैठकको निर्णयानुसार खर्च हुने रकम बाट हयुमपाईप खरिद गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय ३ हरिपुरको प .सं. २०८०।०८१, च.नं. १९७, मिति २०८०।०६।२१ गतेको प्राप्त पत्रानुसार जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय ३ हरिपुरको आफ्नो भवन निर्माणको लागि ५ कट्ठा (पाँच कट्ठा) जग्गा निशुल्क वडा नं. २ अन्तर्गत बजार क्षेत्र भित्र उपलब्ध गराउन अनुरोध भएकोमा जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय ३ हरिपुरको भवन निर्माणको लागि यस नगरपालिकाको वडा नं. २ को हातिसारमा रहेको खानेपानी आयोजना भन्दा पूर्व ४ कट्ठा जग्गा निशुल्क भोग चलनको लागि उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस हरिपुर नगरपालिका ठेक्का नं. NCB 04-078/079 श्री अमृता कन्ट्रक्सन, मकवानपुरद्धारा मिति २०७९/०१/२६ गतेमा हरिपुर नगरपालिका वडा नं. २ को सडक कालो पत्रे कार्य गर्नको लागि सम्झौता भएको र मिति २०७९/०५/०९ गतेको पत्र अनुसार मिति २०७९/०९/२० गते सम्म ठेक्काको म्याद थप गरिएको हुँदा उक्त कार्यको साइट क्लियरेन्स नभएकोले हाल सम्म पनि सम्पन्न नभएको हुँदा

मिति २०८०/०७/१६ गते

उक्त ठेक्काको म्याद आ.व. २०८०।०८१ को बाह्रौं नगरसभाबाट मिति २०७९/०९/२० गते देखि लागु हुने गरि मिति २०८०/०६/१९ गते सम्म म्याद थप गरेकोमा पुनः उक्त कालोपत्रे कार्य सम्पन्न नभएकोले मिति २०८०।०६।२० गते देखि २०८० पुस मसान्त सम्म ठेक्काको म्याद थप गर्ने र अगामी नगरसभाबाट ठेक्काको म्याद अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ (क) मा छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत रहेको श्री महावीर जनता मा.वि. हरिपुर-२, सर्लाहीमा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण कार्य र स्वीकृत गुरुयोजनामा तोकेको क्षेत्रमा खर्च गर्ने प्रयोजनको लागि नेपाल सरकारबाट सर्सत अनुदानको रुपमा हस्तान्तरण भएको क्रियाकलाप नं. ११.१.२.४४५ केन्द्रबाट छनौट भएको नमुना विद्यालय, विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नती भएको प्राविधिक धारका विद्यालयको ल्याव व्यवस्थापन अनुदान शीर्षकबाट गत आ.व. २०७८/०७९ मा रु. ७५,००,०००।०० र आ.व. २०७९/०८० मा सोही कार्यको लागि विनियोजन भएको रकम रु. १ करोड मध्येबाट विद्यालयको माग निवेदन अनुसार रु. ८७,४४,०६२।८१ गरी जम्मा १,६२,४४,०६२।८१ बाट स्वीकृत गुरुयोजनामा तोकेको क्षेत्र अनुसार विद्यालयमा ३-c-१२ बल्कको भौतिक निर्माण सम्पन्न गर्न खोलेको ठेक्का नं. Works/MJJS/०१/२०७९/०८० को रकम रु. १,२४,२७,५४०।६४ बराबरको सम्झौता अनुसारको कार्य सम्पादनका लागि विद्यालयको खातामा निकासा दिई उक्त रकम रोक्का राखेकोमा हाल विद्यालयले भौतिक निर्माण कार्य प्रगतिको आधारमा ३-c-१२ बल्कको निर्माण कार्यको लागि गरेको सम्झौता अनुसारको रकम रु. १,२४,२७,५४०।६४ मध्येबाट प्रथम, दोस्रो र तेस्रो रनिङ्ग विलको आधारमा भौतिक निर्माण तर्फ रु. ९८,५१,२८६.०२ र ठेक्का विज्ञापन वापत रु. १,२८,३७०।९८ गरी जम्मा रु. ९९,७९,६५७।०० भुक्तानी लिइसकेको र हाल विद्यालयले ठेक्का नं. Works/MJJS/०१/२०७९/०८० सम्पुर्ण कार्य सम्पन्न गरी अन्तिम विल वापतको रकम निकासा तथा फुकुवाको लागि पेश गरेको च.नं. ५२ मिति २०८०/०६/२१ गतेको रकम फुकुवा सम्बन्धको पत्र, वि.व्य.स.को मिति २०८०/०४/२८ गतेको निर्णय, विद्यालयको प्राविधिक नापी मुल्याङ्कन, बैंक ग्यारेन्टी, विल, निर्माण कार्यको फोटो तथा यस नगरपालिकाको प्राविधिक शाखाको सिफारिस तथा ठेक्काको प्रगति प्रतवेदनको आधारमा कुल मुल्याङ्कित रकम मध्ये ठेक्का नं. Works/MJJS/०१/२०७९/०८० को कार्य सम्पन्न वापतको रकम रु. २५,७६,२५२।८२ (अक्षरेपी रु. पचिस लाख छिहत्तर हजार दुई सय बाउन्न रुपैया बयासी पैसा मात्र ।) विद्यालयलाई भुक्तानीको लागि फुकुवा गर्ने निर्णय पारित गरियो ।

८ (ख) यस हरिपुर नगरपालिका अन्तर्गतका श्री जनता मा.वि. हरिपुर ४, हरैयामा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ४ कोठे विद्यालय भवन निर्माणका लागि आ.व. ०७८/०७९ मा स्वीकृत भएको रकम रु. ३६,००,०००।- बाट ४ कोठे पक्की भवन निर्माण गर्न रु. ४२,६४,८६७।३७ बराबरको योजना मिति २०७८/०२/१९ मा भएको सम्झौता तथा लगत इस्टिमेट बमोजिमको कार्यको सन्दर्भमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. २२५/०७८/०७९ मिति २०७९/०३/१७ को पत्रको आधारमा योजनाको स्वीकृत रकम रु. ३६,००,०००।०० पेश्की स्वरुप विद्यालयको खातामा पठाइ उक्त रकम रोक्का गराइएकोमा विद्यालयले सम्झौताको अधिनमा रहि हालसम्म पटक पटक गरेको कार्य सम्पादनको प्राविधिक मूल्याङ्कन अनुसार विद्यालयले पहिलो, दोस्रो, तेस्रो र चौथो पटकमा रु. ३१,४७,०६५।९३ पेश्की

मिति २०८०/०७/१६ गते

स्वरुप फुकुवा गराई भुक्तानी लिई सकेकोमा विद्यालयले हाल उक्त ४ कोठे भवनको सम्पुर्ण निर्माण कार्य सम्पन्न गरी बाँकी रकम निकासाको लागि पेश गरेको च.नं.१७ मिति २०८०/०६/१० गतेको निवेदन, वि.व्य.स.को निर्णय, वडा नं. ४ को वडा कार्यालयको सिफारिस, प्राविधिक अन्तिम नापी मुल्याङ्कन, कार्य स्वीकार/सम्पन्न प्रतिवेदन, विल, भर्पाइ तथा फोटोहरुको आधारमा विद्यालयको पेश्की रकम फर्छ्यौट गरी बाँकी रहेको रकम रु. ४,०९,६८०।४० (अक्षेरेपी रु. चार लाख नौ हजार छ सय अस्सी रुपैया चालिस पैसा मात्र) भुक्तानीको लागि रोक्का रकम फुकुवा गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस हरिपुर नगरपालिकामा लघुउद्यम विकास कार्यक्रम कार्यान्वयनको लागि देहाय अनुसारको कार्यक्रमको लागि देहाय अनुसारको बजेट विनियोजन गर्ने तथा कार्यक्रम, कार्ययोजना, कार्यक्रम छनौट, वडा छनौट लगायत उद्यम विकास समिति मार्फत गर्ने निर्णय गरियो ।

आव २०८०/०८१ को गरिवी निवारणका लागी यस नगरपालिकाको आन्तरिक वजेटवाट लघु उघम विकास कार्यक्रमको लक्ष्य अनुसारको वजेट विवरण रु १००००००।००

| | नया उद्यमी सृजना तर्फको बजेट विनियोजन | | | | |
|---|---|---|---|---|---|
| | कार्यक्रमहरु | ईकाई | लक्ष्य | जम्मा वजेट | कैफियत |
| क्र.स. | उद्यम विकासका लागि समाजिक परिचालन | १वटा | आवश्यकताअनुसार | १९५०० | |
| १ | उद्यमशिलता विकास तालिम | १ वटा | ३२ | ५०००० | |
| २ | प्रविधिक सीप विकास तालिम | जना | ३२ | २७८०४८ | |
| ३ | उपयुक्त प्रविधिमा पहुच तथा हस्तान्तरण | | आवश्यकताअनुसार | ८४०४८ | |
| ४ | लघु कर्जामा पहुँच | | आवश्यकताअनुसार | ८३०० | |
| ५ | बजारीकरण सेवा | | आवश्यकताअनुसार | १५५०० | |
| ६ | उधम विकास सहजकर्ता पारिश्रमिक तथा पोशाक खर्च | | | ५४८६५२ | |
| | जम्मा कुल रकम | | | १०००००० | |

आ : व २०८० /०८१ को गरिवी निवारणका लागी सशर्त अन्तर्गत लघु उघम विकास कार्यक्रमको लक्ष्य अनुसारको बजेट रु १२०००००

| क्र.स. | विवरण | ईकाई | लक्ष्य | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | नयाा उद्यमी सृजना तर्फ | जना | ३८ | ८६००००० | |
| २ | स्तरोन्नती कार्यक्रम तर्फ | जना | २० | २००००० | |
| ३ | वजारिकरण क्षमता वृद्धिका लागि प्रविधि हस्तान्तरण | समूह | ३ | १४०००० | |
| ४ | जम्मा कुल रकम | | | १२००००० | |

मिति २०८०।०७।१६ गते

प्रस्ताव नं. १० मा छलफल गर्दा यस हरिपुर नगरपालिका कार्यालयमा देहायका निर्माण व्यवसायीहरुलाई प्राविधिक प्रतिवेदन लगायत आवश्यक सम्पुर्ण कागजातको आधारमा नियमानुसार निर्माण व्यवसायको लाग "घ" वर्गको इजाजत प्रमाणपत्र दिने निर्णय गरियो ।

देहाय

| क्र.सं. | निर्माण व्यवसायको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | आर. डि. ईन्जिनियर एन्ड कन्स्ट्रक्सन प्रा.लि. | हरिपुर-२, सर्लाही | |
| २ | गड गणेश कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | हरिपुर-२, सर्लाही | |

प्रस्ताव नं. ११ मा छलफल गर्दा यस हरिपुर नगरपालिकामा आ.व. २०८०।०८१ मा बाह्रौं नगरसभाबाट स्विकृत योजना तथा कार्यक्रम संचालन गर्नको लागि नगरस्तरीय र वडास्तरीय योजनाहरुलाई कार्यान्वियन गर्नको लागि मिति २०८० मंसिर १ गते देखि मंसिर २० गते सम्म उपभोक्ता समिति गठन गर्नलाई समय, मिति र स्थान तथा योजनाको नाम किटान गरी कम्तीमा ७ दिने सार्वजनिक सूचना प्रकाशन गरी प्रचार प्रसार गरी उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ मा छलफल गर्दा यस हरिपुर नगरपालिकामा आ.व. २०८०।०८१ मा बाह्रौं नगरसभाबाट स्विकृत नगरस्तरीय योजना वडा नं. ५ असन्मा नाला निर्माण गर्न रु. १०,००,०००।०० र वडा नं. ८ पिण्डेश्वर नाथको घेरावेरा र बीचमा माटो पुर्ने कार्यको लागि रु. ५०,०००।०० विनियोजित रकमबाट कार्य गर्न तपसिलका मितिमा उपभोक्ता समिति गठन भई मिति २०७९।०८।१६ गते सम्झौता र कार्यदिश भई असन्मा नाला निर्माण कार्य उपभोक्ता समितिको अध्यक्ष राज कुमार चौधरी समेत ७ सदस्यी उपभोक्ता समितिले सम्झौताको मिति २०७९।१२।३० गते म्याद भित्र नालाको कार्य सुरुवात सम्म नगरी नाला निर्माण समयमा नभएकोले मिति २०८०।०५।३१ गतेको आम भेलाको जनगुनासोबाट उपभोक्ता समिति पुनः गठनको टोलबासीबाट निर्णय भई आएको र वडा नं. ५ कार्यालयको च.नं. ४८१, मिति २०८०।०६।०४ गतेको उपभोक्ता समिति बदर गरी पुनः गठन गर्ने सिफारिसको आधारमा असन्मा नाला निर्माण उपभोक्ता समिति बदर गरी पुनः उपभोक्ता समिति गठन गरी कार्य संचालन गर्ने र वडा नं. ८ पिण्डेश्वर नाथको घेरावेरा र बीचमा माटो पुर्ने कार्यको लागि रु. ५०,०००।०० विनियोजित रकमबाट मिति २०८०।०१।२६ गते उपभोक्ता समिति र क्लबका पदाधिकारी अध्यक्ष आकाश दासको ७ सदस्यी रहेको उपभोक्ता समितिले २०८०।०३।१० गते सम्म कार्य सम्पन्न गर्नु पर्नेमा समयमा नगरी रोजगारको शिलशिलामा बैदेशीक रोजगारमा काम गर्न र अरु समितिहरुलाई जानकारी नदिई योजनाको कार्य अलपत्र पारी जानु भएकोले पिण्डेश्वर नाथको घेरावेरा र बीचमा माटो पुर्ने कार्य उपभोक्ता समिति बदर गरी पुनः उपभोक्ता समिति गठन गरी कार्य संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ मा छलफल गर्दा यस हरिपुर नगरपालिकामा मिति २०८०।०७।०१ गतेको राजश्व परामर्श समितिको सिफारिस अनुसार देहाय बजारको देहाय बमोजिम रकम कायम हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | बजारको नाम | चालु आ.व. को न्युनतम | न्युनतम् रकम रु. |
|---|---|---|---|

मिति २०८०/०७/१६ गते

| | | मूल्यांकन रकम रु. | |
|---|---|---|---|
| १ | लक्ष्मीपुर गुदरी बजार | ३,१३,५००।०० | १,१५,०००।०० |
| २ | मजुर्वा गुदरी बजरा | १,८२,५००।०० | ५७,६००।०० |
| ३ | चिताइन गुदरी बजार | ९३,५००।०० | ४५,४००।०० |

प्रस्ताव नं. १४ मा छलफल गर्दा यस हरिपुर नगरपालिका मृगौला प्रत्यारोपन गरेका/डायलाइसिस गराइरहेका/क्यान्सर रोगी /मेरुदण्ड पक्षघातका व्यक्तिलाइ औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यबिधि २०७८ अनुसार यस पालिकामा दर्ता भइ आएको लाभग्राहिले पाउने औषधि उपचार बापत खर्च नेपाल सरकारले तोकेको मासिक रु पाँच हजार रुपैयाँका दरले त्रैमासिक रुपमा महिनाको अन्तिम दिन स्थानिय तहले लाभग्राहीको बैंक खातामा जम्मा गर्न बजेट व्यवस्था मन्त्रालयले सम्बन्धित स्थानियतहवाट अनुसूची -३ अनुसारको ढाँचामा भुक्तानी भएको रकमको बिवरण पेश गरेको आधारमा अर्ध-वार्षिकरुपमा शोधभर्ना गर्नेछ भने निर्देशिका अनुसार यस पालिकामा दर्ता भएको लाभग्राहीहरुलाई बिगतका बर्षमा कार्यपालिकाको निर्णय पछि मिल्दो शिर्षकबाट भुक्तानी दिदा स्वास्थ्य मन्त्रालयबाट समयमा नै सोधभर्ना रकम प्राप्त भइ आएकोले यस वर्ष दर्ता भएका लाभग्राहीहरुलाई विविध शिविर,संचार ,इन्टरनेट खर्च क्रियाकलाप तथा खर्च शिर्षक न. २२७११ मा बिनियोजित रकम रु १०,००,०००/०० बाट सोधभर्ना हुने गरि भूक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव न. १५ माथि छलफल गर्दा आ.व.२०८०/०८१ मा नगरसभाबाट कार्यपालिका बैठकको निर्णय अनुसार खर्च हुने शिर्षक न. २७२१३ मा बिनियोजित रकम रु.५,०००००/०० मध्ये रु ५०००००/०० पाँच लाखको बराबरको औषधि क्वोटेशन विधि बाट खरिद गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १६ मा छलफल गर्दा यस नगरपालिकाको १२ औ नगरसभा आ व २०८०।०८१ मा सशर्त कार्यक्रममा खधान्न बालीको उन्नत बिउँ उपयोगमा अनुदानमा (धान गहुँ) खर्च शिर्षकमा रकम रु १०७५०००।०० विनियोजन भयकोमा गहुँको विउँ खरिद गर्न रकम रु ५३७५००।०० रकम छुट्टायाइएकोले उक्त रकम अपुग हुने भएको र कृषकहरुको अत्यधिक माग भएको हुँदा यस नगरपालिकाको १२ औ नगरसभा आ व २०८०।०८१ को चालु खर्च शिर्षक न. २२५२९ मा नगर कार्यपालिकाको निर्णय अनसार खर्च हुने शिर्षकवाट गहुँको विउँ खरिद गर्न रकम रु ७०००००।०० विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १७ मा छलफल गर्दा यस हरिपुर नगरपालिकाको १२ औ नगरसभा आ व २०८०।०८१ मा नगरभरी खेलाडीहरुको प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम कार्यान्वयन गर्न हरिपुर नगरपालिका नगर खेलकुद विकास कार्यविधि २०७९ को अधिनमा रहि आवश्यक मापदण्ड बनाई नगरभरीका खेलाडीहरु पर्ने गरी प्रतिभा पहिचान गर्ने र खेलाडीहरुलाई प्रशिक्षण गर्ने प्रशिक्षक लगायत अन्य व्यवस्था सहित कार्यक्रम कार्यान्वयन गर्ने साथै स्वीकृत लागत अनुमान अनुसार प्रथम मेयर कप फुटवल प्रतियोगिता संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १८ मा छलफल गर्दा यस हरिपुर नगरपालिका वडा नं. ७ मा लक्ष्मीनाथ भलीवल तालिम केन्द्रमा चापाकल निर्माण गर्न प्राविधिक लागत अनुमान रकम रु ४१४९२।९७ आ.व. २०८०।०८१ को १२ औ नगरसभाको शिर्षक न. ३११५९ मा पुँजिगत खर्च शिर्षकको कार्यपालिकाको वैठकको निर्णयानुसार खर्च गर्ने निर्णय गरियो ।

मिति २०८०।०७।१६ गते

प्रस्ताव नं. १६ मा छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत सम्पुर्ण वडाहरुमा छठ घाट निर्माणको लागि रकम रु १०००००।०० खर्च शिर्षक २५३१४ मा धार्मिक तथा संस्कृतिक सहायता शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।